नेत्रावती डबजोङ गाउँपालिका
गाउंकार्यपालिकाको कार्यालय
सेमजोङ ,,धादिङ
३ नं. प्रदेश, नेपाल

## स्टील ट्यूबलर पोल र तार लगायतका विद्यूतीकरण संग सम्बन्धित सामग्री वडा न. १ र २ सम्म सप्लाई तथा जडान गर्ने कार्यको शिलवन्दी बोलपत्र आह्वानबारे सूचना

**प्रथम पटक प्रकाशित मितिः2075/10/04**

आ.व.075/076 मा सञ्चालन गरिने वडा नं. १ र २ मा स्टील ट्यूबलर पोल, तार लगायतका विद्यूतीकरण संग सम्बन्धित सामग्रीहरु सप्लाई गर्ने कार्यको, स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमको परिमाणका विद्यूतीय सामग्री सप्लाई गर्ने कार्य शिलवन्दी बोलपत्र द्वारा गराउनु पर्ने भएकोले विद्युतीय सामग्रीहरु नेपाल गुणस्तर चिन्ह प्राप्त उत्पादक कम्पनीहरु वा सप्लायर्सहरुको हकमा तोकिएको उत्पादक कम्पनीहरुबाट आधिकारीक पत्रको आधारमा बोलपत्र मात्र खरिद गर्न पाईने हुँदा रीत पूर्वक शिलवन्दी बोलपत्र आह्वान गरिएको छ ।

१. यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० औं दिनसम्म तल उल्लेख गरे बमोजिमको नगद रकम (पछि फिर्ता नहुने गरी) वुझाएको रसिद, आ.व. 075/076 सम्मको लागि नविकरण भएको इजाजतपत्र, आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिवृधि कर कार्यालयमा दर्ता भएको प्रमाण पत्र र आ.व.074/075 सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इच्छूक कम्पनी वा उत्पादक स्वयमं वा निजको प्रतिनिधिले कार्यालय समयभित्र रीतपूर्वक निवेदनदिई यस कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिने छ ।

२. खरिद भएका बोलपत्र फारम यो सूचना प्रकाशित मितिले 31औं दिनको 12.00 बजेसम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्ने छ । दर्ता हुन आएका शिलवन्दी बोलपत्र सोही दिनको 14.00 वजे यस कार्यालयमा बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न वाधा पर्ने छैन ।

३. बोलपत्र फारम साथ उल्लेख भएअनुसारका जमानत वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य वैंकको धादिङवेंशी शाखामा रहेको धरौटी खाता नं. 1030303007109 मा रकम जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममाजारी भएको कम्तिमा 120 दिन म्याद भएको मान्याता प्राप्त वैंकबाट प्राप्त वैक ग्यारेन्टी (विड वण्ड) पेश गर्नु पर्ने छ ।

४. बोलपत्र भर्दा दररेट स्पष्ट रुपमाअंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ, उल्लेखित अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएपछि स्वीकृत अंकको पांचप्रतिशतले हुने रकम वरावरको नगद, वैंक भौचर वा सो वरावरको कम्तीमा एक वर्षको लागि मान्य हुने वैंक जमानत (परफरमेन्स वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ ।

६. कार्यालयको हितलाई ध्यानमा राखीकुनै पनि कारण जनाई वानजनाई बोलपत्र स्वीकृत गर्ने नगर्ने, वा आंशिक रुपमा स्वीकृत गर्न सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७. बोलपत्र दाताले संझौता गरेको 15 (पन्ध्र) दिनभित्र सम्बन्धित ठाउँमा सामग्री सप्लाई गरी सक्नुपर्ने छ र पोल , तार फिटिङ तथा जडान कार्य १(एक) महिनाभित्र गरि सक्नु पर्ने छ ।

८. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

९. बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टांस गरिने छ ।

१०. अन्य कार्यविधिहरु स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, 2063 सार्वजनिक खरिद ऐन 2064(संशोधित), तथा सार्वजनिक खरिद नियमावली 2064(संशोधित), अनुसार हुने छ ।

११. बोलपत्र सम्बन्धी थप जानकारीका लागी नेत्रावती डबजोङ गाउंपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

| ठेक्का नं. | कामको विवरण | लागतअनुमान (भ्याट बाहेक) | धरौटी रकम | बोलपत्रफारम दस्तुर |
|---|---|---|---|---|
| 11÷075÷76 | बटम सेक्शन ग्यालभनाईज स्टील ट्यूवलर ११ मीटर लामो पोलहरु,तार र विद्यूतीकरण संग सम्बन्धित सामग्रीहरु नेत्रावती डबजोङ गा.पा. वडा नं. १ र २ मार्पाक सम्म सप्लाई, ढुवानी तथा जडान गर्ने कार्य । | 25,67,718.05 | 1,46,000.00 | 3000 |

प्रमुख प्रशासकीय अधिकृत

डिलमान शाक्य

डिल मान शाक्य
प्रमुख प्रशासकीय अधिकृत